# १८ जनवरी निमित्त ब्रह्मा बाबाका १८ कदम

## १) सर्व-समर्पण र इच्छाशक्तिले सम्पन्न

ब्रह्मा बाबाले पहिलो कदममा आफ्ना सबै कुरा समर्पण गर्नुभयो। पहिला आफ्ना कमी-कमजोरीहरूको सम्पूर्ण समर्पण गर्नुभयो अनि आफ्ना स्थुल र सूक्ष्म सम्पत्ति समर्पण गर्नुभयो। कहिल्यै पनि सोच्नुभएन कि अगाडि के होला? कसरी होला?.... एक संकल्पमा सबै कुरा समर्पण गर्नुभयो अनि सम्पन्न बन्नुभयो। यसरी हामी बच्चाहरूले पनि ब्रह्मा बाबालाई अनुसरण गरौं।

## २) आफूभन्दा पनि उच्च बनाउने भावना

जसरी ब्रह्मा बाबाले बच्चाहरूलाई आफूभन्दा पनि उच्च बनाउनुभयो, जसरी बाबाले हरेक बच्चाहरूलाई प्रत्येक कुरामा 'पहिला तिमी' भनेर सम्मान (रिगार्ड) दिनुभयो, जसरी उहाँले 'पहिला बच्चाहरू' भन्ने पाठ दृष्टि, वृत्ति, वाणी र कर्ममा ल्याउनुभयो, जसरी नारीहरूलाई सधैं अगाडि राख्नुभयो, त्यसरी नै हामीले पनि बाबालाई अनुसरण गरौं।

## ३) लौकिकतामा अलौकिकताको अनुभवी

जसरी ब्रह्मा बाबाले हरेक कर्म गर्दा सधैं आफ्नो फरिश्ता स्थितिमा रहनुभयो, जसरी बाबाले कर्म, सम्बन्ध र संस्कारमा लौकिकतालाई अलौकिकतामा परिवर्तन गर्नुभयो, जसरी विचार, वाणी र कर्म तीनैलाई समान बनाउनुभयो, त्यसरी नै हामी पनि बाबालाई अनुसरण गरौं र बाबा समान बनौं।

## ४) सबैको स्नेही, सबैको सहयोगी

ब्रह्मा बाबा सबै स्वरूपबाट, सबै रीतिबाट हरेक बच्चाको स्नेही र सहयोगी बन्नुभयो। सधैं एक बाबाको स्नेहमा समाहित हुनुभयो। एक सेकण्ड, एक संकल्प पनि सहयोग बिना बिताउनुभएन। त्यसरी नै हामी बच्चाहरूले पनि सबैको स्नेही बनेर सच्चा स्नेह र सहयोगको प्रत्यक्ष प्रमाण दिनु छ।

## ५) सधैं फलको इच्छाबाट मुक्त, इच्छा मात्रम् अविद्या

ब्रह्मा बाबाले कुनैपनि कर्मको फलको इच्छा राख्नुभएन। हरेक वचन र कर्ममा सदैव परमात्मा पिताको स्मृति हुनाका कारणले फलको इच्छा संकल्पमा पनि आएन। निष्काम वृत्तिबाट सबैको पालना गर्नुभयो। पुरुषार्थको प्रारब्धको ज्ञान हुँदा हुँदै पनि त्यसमा आकर्षण भएन। त्यसरी नै हामी बच्चाहरूले पनि नाम, मान र शानको इच्छाबाट पर, इच्छा मात्रम् अविद्याको स्थितिमा रहेर सेवा गर्नुपर्छ।

**६) निरन्तर योगीपनको लक्षण**

जसरी ब्रह्मा बाबाको हरेक संकल्प विश्व कल्याणको सेवार्थ रह्यो, जसरी बाबाले प्रत्येक बोलीबाट नम्रता, निर्माणता र महानताको अनुभव गराउनुभयो, जसरी स्मृति स्वरूपमा एकातर्फ वेहदको मालिकपन, अर्कोतर्फ विश्व सेवाधारी, एकातर्फ अधिकारीपनको नशा, अर्कोतर्फ सर्वप्रति सत्कार भाव राखेर सर्वप्रति दाता र वरदाता बनेर रहनुभयो, जसरी उहाँले ग्लानि र अपमान गर्ने आत्मालाई पनि कल्याणकारी आत्माको अनुभव गराउनुभयो, त्यसरी नै ब्रह्मा बाबालाई हामी बच्चाहरूले अनुसरण गरौं र हरेक आत्मालाई आफूभन्दा पनि अगाडि बढाउने शुभ भावना राख्दै विश्व कल्याणकारी बनौं।

**७) संकल्प र स्वप्नमा पनि लगावमुक्त**

जसरी ब्रह्मा बाबा पुरानो दुनियामा रहेर पनि व्यक्ति वा वैभवबाट संकल्प वा सपनामा पनि लगावमुक्त रहनुभयो, सदा त्रिमूर्ति तख्तनशीन, त्रिकालदर्शीपनको स्मृति स्वरूप, हरेक कर्मको तीन काललाई जान्ने, हरेक कर्मलाई श्रेष्ठ कर्म वा शुभकर्म बनाउनुभयो, जसरी पुरानो संस्कार र स्वभावबाट उपराम रहनुभयो, जसरी सधैं साक्षीपनको सीटमा स्वयंलाई सेट राख्नुभयो, त्यसरी नै बाबालाई अनुसरण गरेर सच्चा राजऋषि बनौं।

**८) गम्भिरता र रमणिकताको सन्तुलन**

गम्भिरता अर्थात् अन्तर्मुखता। रमणिकता अर्थात् मुस्कुराहट। ब्रह्मा बाबाको अनुहार सधैं गम्भिरता र मुस्कुराहटले सजिन्थ्यो। बाबामा अहिले भर्खरै मनन चिन्तन र अहिले भर्खरै रमणिक अर्थात् मुस्कान सहितको अनुहारको सन्तुलन देखिन्थ्यो। त्यसरी नै आफ्नो अनुहार र व्यवहारबाट गम्भिरता र रमणिकताको झलक देखाउने ब्रह्मा बाबाको फोटोकपी बनौं।

**९) लवलीन स्थितिको अनुभवद्वारा साक्षात्कारमूर्त**

शुरुमा घर बसेर पनि ब्रह्मा रूपको साक्षात्कार हुन्थ्यो। प्रैक्टिकलमा कोही बोलिरहेको, ईशारा गरिरहेको सबैले अनुभव गर्नुहुन्थ्यो। त्यसरी नै अन्त्यमा निमित्त बनेका आत्माहरूबाट यस्तो अनुभव हुनेछ, यसका लागि ब्रह्मा बाबा समान सधैं एकको स्नेहमा मग्न बनौं। यही लवलीन स्थितिले साक्षात्कारमूर्त बनाइदिन्छ। बुद्धिमा कुनैपनि प्रकारको बोझ नरहोस्, दिनचर्या बाबा समान होस्, तब आदि सो अन्तको दृश्यको अनुभव गर्न सक्छौं।

**१०) सर्वगुणहरूमा मास्टर सागर**

ब्रह्मा बाबा सर्व गुणहरूमा मास्टर सागर बन्नुभयो र सर्व शक्तिहरूको वर्सा प्राक्टिकल जीवनमा अनुभव गर्नुभयो। साथसाथै आत्माको जुन श्रेष्ठ वा महान् स्टेज छ, सम्पूर्ण निर्विकारी, सर्वगुण

सम्पन्न, सोह्र कला सम्पन्न, मर्यादा पुरुषोत्तम र सम्पूर्ण अहिंसक- यो महानतालाई जीवनमा ल्याउनुभयो। त्यसरी नै हामी बच्चाहरू पनि सर्व गुणहरूमा, सर्व कलाहरूमा सम्पन्न बनौं। सर्व शक्तिहरूलाई अनुभवमा ल्याउँदै, सर्व गुणहरूमा मास्टर सागर बनौं, तब वरदानी र महादानी स्वरूपले सेवा गर्न सक्छौं।

## ११) निमित्त र निर्मानचित्तको विशेषताद्वारा सच्चा सेवाधारी

ब्रह्मा बाबा सधैं आफूलाई निमित्तमात्र अनुभव गर्दै एकदम नम्रचित्त बनेर सच्चा सेवाधारी रहनुभयो। यसैलाई आफ्नो नेचुरल स्वभाव बनाउनुभयो। उहाँको हरेक कर्तव्यबाट विश्व कल्याणको भावना स्पष्ट रूपबाट देखिन्थ्यो। आफ्ना सुखका साधनहरूलाई, आफ्ना गुणहरूलाई र आफूले प्राप्त गरेका सर्वशक्तिहरूलाई अन्य आत्माहरूको उन्नतिका लागि दान गरेर महादानी बन्नुभयो। त्यसरी नै हरेकका अवगुणलाई गुणमा परिवर्तन गरेर, घाटालाई फाइदामा, निन्दालाई स्तुतिमा परिवर्तन गरेर सच्चा सेवाधारी बनौं।

## १२) त्याग र भाग्य दुवैमा नम्बरवन

ब्रह्मा बाबा सुरुदेखि स्थापनाको कार्यप्रति साकार रूपमा निमित्त बन्नुभयो। भगवानको आज्ञा मिल्यो र सेवा अर्थ सर्वस्व त्यागमूर्त बन्नुभयो। त्याग र भाग्य दुवैमा नम्बर वन बन्नुभयो। अन्त्यमा पनि बच्चाहरूलाई उच्च उठाउनका लागि वा अव्यक्त बनाउनका लागि अव्यक्त वतनवासी बन्नुभयो। त्यस्तै हामीले पनि त्याग र भाग्य दुवैमा बाबालाई अनुसरण गर्दै स्वयं र सेवालाई सम्पन्न बनाएर बाबा समान अव्यक्त वतनवासी बनौं।

## १३) शक्तिशाली मन्साद्वारा श्रेष्ठ वायब्रेशन फैलाउने सेवाधारी

ब्रह्मा बाबा रात्रीमा जागेर पनि वायब्रेशन फैलाउने सेवा गर्नुहुन्थ्यो। यस विषयमा जसले आट्छ, उ अर्जुन बन्दछ। कुनै पनि सेवा गर्दा, रोटी बनाउँदा, चौकिदारी गर्दा पनि..... शक्तिशाली स्मृति स्वरूपमा रहौं। मन्साबाट विश्वको सेवा गरौं, विश्व सेवाधारी बन्नु डबल काम हो। एकातर्फ स्थूल हात चलाइरहौं भने अर्कोतिर मन्साद्वारा शक्तिहरूको दान गररहौं। यसरी गुणमूर्त बनेर सेवा गर्यौं भने डबल फल जम्मा हुँदै जान्छ।

## १४) परोपकारीको साथसाथै बालक जस्तै ब्रह्मचारी

ब्रह्मा बाबा सधैं परोपकारी बन्नुभयो, साथ साथै यो मरजीवा जीवनमा सधैं आदिदेखि अन्त्यसम्म बाल-ब्रह्मचारी बन्नुभयो। ब्रह्मचारी जीवन अर्थात् ब्रह्मा समान पवित्र जीवन, जसमा आदिदेखि अन्त्यसम्म अखण्ड बनौं। कुनैपनि प्रकारको पवित्रता अर्थात् स्वच्छता खण्डित नहोस्, तब पूजनीय बनिन्छ। यसमा ब्रह्मा बाबालाई अनुसरण गरौं।

## १५) परिवर्तन शक्तिद्वारा सदा विजयी

ब्रह्मा बाबाले परिवर्तन शक्तिद्वारा कसैको पनि बोली वा भावलाई परिवर्तन गर्नुभयो। निन्दालाई स्तुतिमा, ग्लानिलाई गायनमा परिवर्तन गर्नुभयो। अपमानलाई स्व-अभिमानमा, अपकारलाई उपकारमा, मायाको विघ्नलाई बाबाको लगनमा मग्न हुने साधन सम्झिएर परिवर्तन गरेर सदा विजयी बन्नुभयो। यसरी नै ब्रह्मा बाबालाई अनुसरण गरेर स्नेही आत्माहरूप्रति मात्र सहयोगी होइन्, निराश आत्माहरूमा पनि आशाको दीपक जगाउनु छ।

## १६) सदैव स्व-स्वरूपको दर्शन गर्ने सिद्धि स्वरूप

ब्रह्मा बाबाले सधैं आत्मिक स्थितिको शक्तिशाली दपर्णद्वारा हरेक आत्मालाई सेकेण्डमा स्व-स्वरूपको दर्शन वा साक्षात्कार गराउनुहुन्थ्यो। यस स्टेजलाई लाइट-माइट हाउसको स्टेज भनिन्छ। जसरी ब्रह्मा बाबा लाइट-माइट स्वरूप, सर्वशक्तिवान शिव बाबा समान बन्नुभयो, त्यसरी नै हामी बच्चाहरू पनि उहाँ समान सर्वशक्तिहरूबाट सम्पन्न सिद्धि स्वरूप बनौं र मस्तकमणिद्वारा सबैलाई स्व-स्वरूपको दर्शन गराऔं।

## १७) संगमयुगी प्रालब्धको अनुभवीमूर्त र मेहनतमुक्त

संगमयुग मेहनत गर्ने युग होइन, परमात्मा-स्नेहमा समाहित हुने युग हो, प्रभु-मिलनको युग हो। पुतली र दीपकको मिलनको युग हो। वास्तवमा बच्चाहरू शिरको ताज र घरको श्रृंगार हुन्छन् र बाबाको बालक सो मालिक हुन्छन्। त्यस्तै श्रेष्ठ स्थितिको अनुभवी बनेर मन्सा, वाचा, कर्मणा र सम्बन्ध-सम्पर्कमा कदममा कदम राख्दै पुरुषार्थ गरौं। बाबा समान सम्पन्न स्टेजलाई प्राप्त गरौं। यसरी प्रेम र स्नेहमा स्वयंलाई समाहित गरेर मेहनतमुक्त जीवनको अनुभवी बनौं।

## १८) अव्यक्तबाट व्यक्तमा आउने अभ्यासी

जसरी ब्रह्मा बाबा अव्यक्त भएर पनि व्यक्तमा प्रवेश गरेर कार्य गर्नुहुन्थ्यो, त्यस्तै हामी बच्चाहरू पनि आफ्नो अव्यक्त स्थितमा रहेर व्यक्त कर्मेन्द्रियहरूबाट कर्म गरौं। जसरी ब्रह्मा बाबा वेहदको बाबा हुनुहुन्छ, त्यस्तै हामी बच्चाहरू पनि बाबा समान बन्नु छ। जति समीपता त्यति समानता। अन्त्यमा हामी बच्चाहरूले पनि आफ्नो रचनाको रचयिता बनेर व्यवहारमा यो अनुभव गर्नेछौं। जसरी बाबालाई आफ्नो रचना देखेर रचयिताको स्वरूपको स्मृति स्वतः आउथ्यो, त्यस्तै स्टेज हामी बच्चाहरूमा आउनुपर्छ।